सुनापति गाउँकार्यपालिकाको बैठक संख्या: १
आ.व.२०८२/०८३
मिति:२०८२ श्रावण ८ गते बिहिबार
समय: बिहान ८:०० बजे
स्थान: सुनापति गाउँपालिका

आज मिति २०८२ साल श्रावण ८ गते बिहीबारका दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलो कान्छा तामाङज्यूको अध्यक्षतामा सुनापति गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम वहादुर थापा | सदस्य |
| ५. श्री कुल वहादुर थिङ | सदस्य |
| ६. श्री डन्डुप लामा | सदस्य |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य |
| ८. श्री रीता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

<u>अन्य उपस्थिति:</u>

१५. श्री रविन्द्र कुरेल - प्रशासन शाखा
१६. श्री विनोद चौलागाई - आर्थिक प्रशासन शाखा

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को पहिलो कार्यपालिका बैठक

८ साउन २०८२

ने.सं. ११४५ दिल्लागा १५ बिहिबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | आर्थिक वर्ष २०८१/०८२ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | सुनकोशी ग्रामीण सौर्य उर्जा खानेपानीको लागत साझेदारी सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सुनापति ४ बेथानमा रहेको सुनकोशी ग्रामीण सौर्य उर्जा खानेपानी योजना गत २०८१ असोज ११ र १२ गतेको बाढी पहिरोको कारण क्षेति भएको र पुनःनिर्माणको लागि लाग्ने लागत अनुमान मध्ये वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको ७० प्रतिशत र सुनापति गाउँपालिकाको ३० प्रतिशत लागत साझेदारीमा मर्मत कार्य गर्ने निर्णय गरियो। |
| ३ | पदपूर्ति सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा नागरिक आरोग्य सेवा केन्द्र डहुमा कार्यरत अभ्यङ्गकर्ता अनु तामाङले राजिनामा दिनु भएकोले रिक्त स्थानमा एक जना अभ्यङ्गकर्ता (पुरुष) को करार सेवामा पदपुर्तिको लागि दरखास्त आह्वान गरी पदपुर्ति गर्ने निर्णय गरियो। |
| ४ | ब्याक हो लोडर भाडामा दिने सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकामा सञ्चालनमा रहेको ब्याक हो लोडर आर्थिक वर्ष २०८२/०८३ मा नियमित सञ्चालनको लागि ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि बमोजिम ७ दिने सार्वजनिक सुचना जारी गरी प्राप्त निवेदनहरूको आधारमा व्यक्ति तथा संस्थालाई मासिक रुपमा सञ्चालन भएको मिटर रिडिङको आधारमा कायम गरिएको दररेट अनुसार भुक्तानी प्राप्त हुने गरी भाडामा दिने निर्णय गरियो। |
| ५ | पर्यटन विभागमा पर्यटन गुरुयोजना प्रस्ताव सहित पेश गर्ने सम्वन्धमा। | १. यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकामा पर्यटन पूर्वाधारको विकास गरी पर्यटन प्रवर्द्धनको लागि गाउँपालिकाले निर्माण गरेको पर्यटन गुरुयोजना सहितको प्रस्ताव पर्यटन विभाग भृकुटीमण्डप काठमाण्डौमा पेश गर्ने निर्णय गरियो। |
| ६ | जिल्ला समन्वय समिति रामेछापको प्रतिवेदन सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकाको आर्थक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन भएका योजनाहरुको जिल्ला समन्वय समिति रामेछापबाट समन्वय प्रमुख, उप प्रमुख, समन्वय अधिकारी लगायत अन्य प्रशासनिक र प्राविधिक कर्मचारीहरुवाट नियमित अनुगमन भएको र सो को प्रतिवेदन समेत प्राप्त भएकोमा सवल पक्षहरुलाई निरन्तरता दिने र सुझावहरुलाई आगामी आर्थिक वर्षको योजना कार्यान्वय गर्ने क्रममा कार्यान्वयन गर्ने गरी छलफल गरियो। |
| ७ | विविध सम्वन्धमा। | क. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद चिकित्सा विभाग, काठमाडौं को च.नं. ७७३ र मिति २०८२/०३/३१ को पत्र र आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मन्थली रामेछापको च.नं. २४२ र मिति २०८२/०३/३१ को प्राप्त पत्रानुसार चालु आ.व. |

सुदिप कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | | २०८२/८३ देखि नागरीक आरोग्य सेवा केन्द्र संचालन खर्च संघीय सशर्त कार्यक्रम मार्फत सम्बन्धित पालिकामा पठाईएको र यस अगाडी आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मन्थली रामेछापबाट करार सम्झौता भई यस पालिकाको वडा नं. ४ स्थित नागरीक आरोग्य सेवा केन्द्र, डहुमा कार्यरत नागरीक आरोग्य अभियानकर्ता (चौथो तह) श्री रोज घिसिङलाई अब उप्रान्त यस पालिका बाट करार सम्झौता गरी कामकाजमा लगाउने व्यवस्था हुन सिफारिस भई आएकोले सो बमोजिम निज रोज घिसिङ सँग श्रावण १ गते देखि करार सम्झौता गरी निरन्तर कामकाजमा लगाउने निर्णय गरियो । <br>ख. यस पालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत स्वास्थ्य सेवाको चौथो तहका अ.हे.व. र अ.न.मी. हरुलाई असमान तलब भत्ता दिइदै आईरहेकोमा चालु आ.व. २०८२/८३ को श्रावण महिना देखि दुवै पदमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई समान रु. २७३१९ (सत्ताइस हजार तीन सय उन्नाइस रुपैयाँ ) तलब भत्ता दिने निर्णय गरियो । |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत